नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौं
(स्थानीय तह समन्वय शाखा)

पत्र सं.: २०८२/०८३
चलानी नं.: ४०

मिति:२०८२/०४/१९

श्री गाउँपालिका (सबै),
श्री नगरपालिका (सबै) ।

विषयः डेंगी सचेतना अभियानका लागि समन्वय सम्बन्धमा ।

प्रस्तुत विषयमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, प्रदेशिक तथा स्थानीय स्वास्थ्य समन्वय शाखाको प.सं. २०८१/०८२, च.नं. १४२, मिति २०८२/३/३१ को डेंगी सचेतना अभियानका लागि समन्वय सम्वन्धी पत्र को छायाँ प्रति थान २ (दुई) यसै साथ संलग्न राखी आवश्यक जानकारी तथा कार्याथ पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

(प्रकाश पेन्थी)
शाखा अधिकृत

<u>बोधार्थः-</u>
श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय,
प्रदेशिक तथा स्थानीय स्वास्थ्य समन्वय शाखा ।
श्री सूचना प्रविधि शाखा, सबै गाउँ/नगरपालिकाको ईमेलमार्फत पत्र प्रेषित गरी मन्त्रालयको वेबसाईटमा अपलोड गरिदिनु हुन ।

सिंहदरबार, काठमाण्डौं फोन नं.-४२००५११/४२००३०४
ईमेल:- cmmofald@gmail.com/ local.level.coordination@mofaga.gov.np
वेबसाईट:- www.mofaga.gov.np

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य समन्वय महाशाखा
प्रादेशिक तथा स्थानीय स्वास्थ्य समन्वय शाखा

पत्र संख्याः २०८१/८२
च.न.: ९४२

(४- २२३५८०, २६२६९६, २६१७३६, २६२८०२, २६२९८७, २६२४६८, २६२५४३

रामशाहपथ
काठमाडौं, नेपाल

मितिः २०८२/०३/३१

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं।

**विषय : डेंगी सचेतना अभियानका लागि समन्वय सम्बन्धमा।**

उपरोक्त सम्बन्धमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिति २०८२/०३/२२ (माननीय मन्त्रिस्तर) को निर्णयानुसार २०८२ साल **"श्रावण, भाद्र, आश्विनः डेंगी सचेतना तीन महिने अभियान"** संचालन गर्ने निर्णय भए अनुसार, तपसिल बमोजिमको क्रियाकलापहरु संचालन गरि "श्रावण, भाद्र र आश्विन महिनाः डेंगी सचेतना तीन महिने अभियानको रुपमा मनाउन ७५३ वटै स्थानीय तहहरुमा पत्राचार गरि आवस्यक समन्वयकालागि निर्णयानुसार अनुरोध छ ।

तपसिल

१. २०८२ "श्रावण, भाद्र, आश्विनः डेंगी सचेतना तीन महिने अभियान" अन्तर्गत हरेक शुक्रबार, सफा शुक्रबार" अभियान (विहान १० बजे, १० मिनेट) सञ्चालन गरी सबै सार्बजनिक निकाय, कार्यालय, विद्यालय तथा सामुदायिक स्थलहरूमा सरसफाई तथा लामखुट्टेको प्रजनन स्थल/बासस्थान, खोज र नष्ट कार्य गर्ने/गराउने।

२. स्थानीय तहहरुले टोल विकास समिति, नागरिक समाज तथा अन्य सरोकारवाला निकायहरुसँग सहकार्य गरी "हसाको एक दिन, एक घण्टा हुदैन कुनै कष्ट; समुदायको सहभागितामा लामखुट्टेको लार्भा नष्ट" भन्ने नाराका साथ खोज तथा नष्ट अभियान संचालन गर्ने।

३. हरेक वडामा घरदैलो, समूह छलफल, पोस्टर/ब्यानर वितरण लगायत माध्यमद्वारा डेंगीको जोखिम, लक्षण र रोकथाम बारे जनचेतना फैलाउने।

४. हरेक स्थानीय तहले आ-आफ्नो क्षेत्रमा संचालित अटो बर्कशप/ग्यारेज तथा कवाडी सामान व्यवस्थापन गर्ने स्थलहरुमा निरन्तर निगरानी गर्ने, सरोकारवालाहरुसँग छलफल/पैरवी गर्ने।

५. बहुनिकाय सहकार्य सुनिश्चित गर्न सम्बन्धित सरोकारवाला तथा तिनका सञ्जालसँग नियमित अन्तरक्रिया गरी परिचालन गर्न पैरवी गर्ने।

६. स्वास्थ्य आमा समूह, युवा क्लब, शिक्षक, स्वयंसेवक तथा विश्वविद्यालय स्तरका विद्यार्थी सञ्जालहरु लगायत समुदायका अगुवा सदस्यहरुलाई "खोज तथा नष्ट" अभियान सहित डेंगी नियन्त्रणका गतिविधिमा सहभागी गराउन तथा "फर्स्ट रेस्पोन्डर" वा सामुदायिक स्वयंसेवकका रूपमा विकास गर्न अभिमुखीकरण र क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने/आवश्यकता अनुसार परिचालन गर्ने।

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य समन्वय महाशाखा
प्रादेशिक तथा स्थानीय स्वास्थ्य समन्वय शाखा

फोन नं. ४- २२३५८०, २६२६९६, २६१७३६, २६२८०२, २६२९८७, २६२४६८, २६२५४३

पत्र संख्याः २०८१/८२
च.नं.:

रामशाहपथ
काठमाडौं, नेपाल

७. "लामखुट्टेको लार्भा खोज तथा नष्ट" बिधि लगायत अन्य डेंगी सम्बन्धी स्वास्थ्य शिक्षा तथा सूचना सामग्रीहरू उत्पादन, वितरण तथा प्रचार-प्रसार गर्ने।

८. राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा संचार केन्द्र मार्फत विभिन्न स्थानीय भाषामा तयार गरिएका रेडियो जिङ्गलहरू देशभरका एफ.एम./रेडियो सञ्जालहरू मार्फत प्रसारण गर्ने।

९. डेंगी सम्वन्धी व्यवहार परिवर्तन ल्याउने उद्देश्यले विद्यालय स्तरमा विद्यालय स्वास्थ्य दूत कार्यक्रम सञ्चालन गर्ने, जसअन्तर्गत निम्नानुसारका क्रियाकलापहरू संचालन गर्नेः

- साथी शिक्षा कार्यक्रम
- विद्यालय-घर सन्देश प्रवाह बिधि
- वक्तृत्वकला, निवन्ध तथा वादविवाद प्रतियोगिता आदि

१०. स्थानीय तहको सहजीकरणमा विद्यालयमा विद्यालय स्वास्थ्य निरीक्षण टोली गठन गरी नियमित सरसफाइको अबस्था अनुगमन गर्ने/गराउने।

११. होटल, उद्योग तथा निजी व्यवसायीका छाता संगठनहरूसँग सहकार्य गरी उनीहरुका सदस्य संस्थाहरूलाई डिजिटल बोर्ड तथा अन्य माध्यमहरूद्वारा डेंगी सम्वन्धी जनचेतना फैलाउन आह्वान तथा सहकार्य गर्ने।

१२. डेंगी रोकथाम र नियन्त्रणमा हरेक व्यक्ति, परिवार तथा समुदायलाई आत्मबोध गराई सबैको सहभागीता सुनिश्चित गर्ने/गराउने।

पवित्रा ढकाल
शाखा अधिकृत